गुड नेवर्स इन्टरनेशनल (जी.एन.आई) मानवीय सहायता र विकासका लागि कार्यरत एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । यस संस्थाले जाति, राष्ट्रियता, धर्म र विचारधाराभन्दा माथि उठेर उपेक्षित तथा संकटाभिमुख मानिसहरूको सहयोगको पुकारलाई सम्बोधन गर्दछ ।

गुड नेवर्स इन्टरनेशनलले सामाजिक विकास गतिविधिहरु मार्फत संसारभरका ४६ देशहरुका मानिसहरुलाई सशक्त बनाउनुका साथै विकासोन्मुन देशहरुमा मानिसहरुले भोग्ने गरीबीको दुष्चक्र तोड्न आर्थिक विकासमा विशेष जोड दिन्छ । सियोल, दक्षिण कोरियामा १९९१ मा स्थापित गुड नेवर्स इन्टरनेशनलको चिली, मेक्सिको, संयुक्त राज्य अमेरिका, क्यानडा, दक्षिण कोरिया, जापान, अष्ट्रेलिया, ताइवान, बेलायतमा कोष संकलन कार्यालय र जेनेभा, स्विट्जरल्याण्डमा एक अन्तर्राष्ट्रिय सहयोग कार्यालय रहेको छ ।

गुड नेवर्स इन्टरनेशनल नेपालमा सन् २००२ देखि विपन्न वर्गहरू, खासगरी बालबालिकाको जीवनस्तर सुधार गर्न बाल संरक्षण, शिक्षा, आयआर्जन, स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छता, विपद् जोखिम न्यूनीकरण/जलवायु परिवर्तन अनूकूलन र पैरवी जस्ता क्षेत्रहरुमा कार्यरत छ । हाल गुड नेवर्स इन्टरनेशनलले सीमान्तकृत, संकटाभिमुख र विपन्न बा(लबालिका, परिवार र समुदायलाई लक्षित गरी २२ वटा जिल्लामा कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ ।

*मर्यादित महिनावारी, हामी सबैको जिम्मेवारी*

**गुड नेवर्स इन्टरनेशनल नेपाल**

एकान्तकुना-१३, ललितपुर, पोष्ट वक्स नं. ८९७५, ई.पी.सी. १६०५ काठमाडौं, नेपाल

फोन : ९७७-०१-५४३८७५८, ५४२०४९३, ५४३२०४६, ५४३२०४७, ५४३२०५०

ईमेल : info@gninepal.org

www.gninepal.org facebook.com/gninepal.org twitter.com/gni_nepal

instagram.com/gninepal www.linkedin.com/in/gni-nepal

## मर्यादित महिनावारीको लागि

# धामी-झाँक्री सम्मेलन



५-७ साउन २०७९ (२१-२३ जुलाई २०२२)

धनगढी, नेपाल

KOICA Korea International Cooperation Agency

Good Neighbors International



किशोरावस्थादेखि शुरु हुने महिनावारी, महिलामा हुने शारीरिक प्रक्रिया हो । नेपाली समाजले यसलाई धार्मिक रुपमा अपवित्र र सांस्कृतिक रुपमा लज्जास्पद घटनाका रुपमा लिने गरेको छ । नेपालमा, महिनावारी स्वच्छता व्यवस्थापन सामाजिक, सांस्कृतिक र धार्मिक प्रतिबन्धहरुले अवरोध गर्ने गरेका छन् । नेपालको ग्रामीण क्षेत्रमा, महिला तथा किशोरीहरुलाई अन्य ठाउँमा रहेको



## स्वास्थ्य अधिकार सुधार परियोजना

नेपालको सुदूरपश्चिम क्षेत्रमा महिनावारी भएका किशोरी र महिलाले संस्कृति, रीतिरिवाज र परम्पराको नाममा समग्र स्वास्थ्य र व्यक्ति अहित हुने विभिन्न किसिमका अप्ठ्याराहरुको सामाना गर्नु पर्दछ । खानपान, बसोबास गर्ने ठाउँ, सरसफाइ, स्वच्छता आदि माथिका अनूचित बन्देजहरुले किशोरी र महिलाहरुलाई स्वास्थ्य, शिक्षा, सामाजिक सहभागिता र बृद्धिको अधिकार प्राप्त गर्न बाधा पुऱ्याउँछ । योसँग जोडिएका सही जानकारी र सेवाहरुको अभावमा उनीहरुलाई स्वच्छतापूर्वक महिनावारी व्यवस्थापन गर्न चुनौतीपूर्ण बनाउँछ । सुदूरपश्चिम नेपालका अन्य ठाउँहरु जस्तै बाजुरामा पनि अपर्याप्त ज्ञान र सेवाहरुले किशोरी र महिलाहरुलाई सुरक्षित रुपमा महिनावारी व्यवस्थापन गर्न चुनौतीपूर्ण बनाएको छ ।

स्वास्थ्य अधिकार सुधार परियोजना, किशोरीहरुले सामना गर्नुपर्ने महिनावारीका कठिनाइहरुलाई कम गर्ने लक्ष्यका साथ कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) तथा गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक र प्राविधिक सहयोगमा संचालित परियोजना हो । परियोजनाको मुख्य उद्देश्य सुधारिएको महिनावारी स्वच्छता व्यवस्थापन मार्फत किशोरकिशोरीहरुको स्वास्थ्य र अधिकारहरु सुधार गर्नु रहेको छ । यो परियोजनाले महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी उपयुक्त सूचनहरु प्रसारित गरेर, महिनावारीसँग सम्बन्धित मुद्दाहरुमा किशोरकिशोरी र तिनीहरुका परिवारलाई शिक्षा दिने, विद्यालय र स्थानीय स्वास्थ्य चौकीमा आधारभूत महिनावारी स्वच्छता व्यवस्थापनका सेवा र सुविधाहरु सुधार गरेर विद्यालय, घरपरिवार र समुदायमा महिनावारी स्वच्छता व्यवस्थापनसँग सम्बन्धित समस्याहरु व्यवस्थापन गर्नमा केन्द्रित छ ।

सन् २०२० मा शुरु भएको परियोजनाले महिनावारीमैत्री शौचालय निर्माण, महिनावारी मैत्री आराम कक्ष स्थापना, विद्यालय र स्वास्थ्य चौकीमा महिनावारी व्यवस्थापन सामग्रीहरु उपलब्ध गराउने, तथा चेतनामूलक शिक्षा र अभियानहरु संचालन गर्यो । सन् २०२१ मा परियोजनाले बाजुराका पाँच गाउँपालिका/नगरपालिकाका ४० विद्यालयमा किशोरी महिनावारी स्वच्छता व्यवस्थापन क्लब गठन गर्न सहजीकरण गर्यो । क्लबका सदस्यहरु र विद्यार्थीहरुलाई अभिमुखीकरण, शिक्षा, जनस्तरमा संचालित अभियानहरु मार्फत महिनावारी स्वच्छता व्यवस्थापनबारे सिकाइएको थियो । निर्माण र सामग्री सहयोगको पक्षमा, परियोजनाले विद्यालयमा महिनावारीमैत्री शौचालय निर्माण/मर्मतसम्भार, हात धुने स्टेशनहरु, महिनावारी स्वच्छता व्यवस्थापन सामग्री/कीट प्रदान र महिनावारीमैत्री आराम कक्ष निर्माण गर्यो ।

## लक्ष्य:

यो सम्मेलनले धामी-झाँक्रीलाई स्थानीय र जिल्लास्तरमा सुरक्षित महिनावारी स्वच्छता व्यवस्थापन दूतको रुपमा परिणत गर्ने लक्ष्य लिएको छ ताकि उनीहरुले मर्यादित महिनावारीको लागि अनुकुल वातावरण सिर्जना गर्न योगदान गरोस् । यदि धामी-झाँक्रीहरुले परिवर्तनका संवाहकको रुपमा काम गरे भने, महिनावारी भेदभावहरु कम हुनेछन् तथा किशोरीहरु र महिलाहरुको स्वास्थ्य, स्वच्छता र सुरक्षा सुनिश्चित गर्न सकिने छ ।

## विशिष्ट उद्देश्यहरू:

- धामी-झाँक्रीहरुलाई संवेदनशील बनाउन र महिनावारी सम्बन्धी मिथक, भेदभाव, निषेध र गलत अभ्यासहरु विरुद्ध किशोरी/महिला, धामी-झाँक्री, स्थानीय सरकारी अधिकारी, सञ्चारकर्मी, गैर सहकारी संस्थाका प्रतिनिधि, र सरोकारवालाहरु बीच संवादको लागि मञ्च प्रदान गर्न ।
- कमी र चुनौतीहरु पहिचान गर्न, धारणा र अभ्यासहरु पहिचान गर्न र मर्यादित महिनावारी बारेमा ज्ञान बढाउन ।
- सरोकारवालाहरु बीच समान बुझाई, एक कार्य योजना, र मर्यादित महिनावारीको लागि एक घोषणापत्र जारी गर्न ।





महिला तथा किशोरीहरुको तुलनामा स्रोत, ज्ञान र सामाजिक सहयोग कम हुने गरेको पाइएको छ । घर, विद्यालय र सार्वजनिक स्थानहरुमा धेरै कठिनाइ र चुनौतीहरु अझै विद्यमान छन् ।

महिनावारीको समयमा गरिने भेदभावहरुमा बन्देज, लाज, कंलक, प्रतिबन्ध र दुर्व्यवहारहरु छन् । यस्ता भेदभावहरु लिङ्ग, लैङ्गिक पहिचान, जात, वर्ग, धर्म र क्षेत्रको ख्याल नगरी विभिन्न नाम, रुप र परिमाणमा देशभरि व्याप्त छन् । यस्ता भेदभावपूर्ण अभ्यासहरुले किशोरी र महिलाहरुको मर्यादा, समग्र स्वास्थ्य र कल्याणमा अहित गर्दछन् । खानपान, बस्ने ठाउँ, सरसफाइ, स्वच्छता आदिमा गरिएको नचाहिँदो प्रतिबन्धहरुले किशोरी र महिलाहरुलाई उनीहरुको मर्यादा, स्वतन्त्रता, स्वास्थ्य, शिक्षा, गतिशीलता, सहभागिता र बृद्धिको अधिकार प्राप्त गर्न वञ्चित गर्दछ । अर्को शब्दमा भन्नुपर्दा, महिनावारी सम्बन्धी गरिने भेदभाव जुनसुकै रुपमा भए पनि महिनावारी भएका किशोरी र महिलाहरुको संवैधानिक अधिकार र मानव अधिकारको उल्लङ्घन हो ।

नेपाली स्थानीय समुदायमा धामी-झाँक्री माथि भर पर्ने लामो इतिहास छ । उनीहरुको पहुँच र भूमिका एकआपसमा जोडिएका छन् जसले सकारात्मक र नकारात्मक दुवै परिणामहरु निम्त्याउँछ । यसका साथै, स्थानीय धार्मिक र आध्यात्मिक नेताको रुपमा तिनीहरुको भूमिका समाजीकरणको एक भाग हो, विशेष गरी ग्रामीण क्षेत्रहरुमा महिनावारी पूर्वाग्रह र भेदभावको बारेमा डर र मौनता सिर्जना गर्न योगदान पुर्‍याउँछ ।

अहिलेको समयमा पनि नेपालको अधिकांश क्षेत्रहरुमा किशोरीहरुलाई विद्यालय जान, शौचालय प्रयोग गर्न, धारा वा पानीको स्रोत छुन, नियमित सुत्ने कोठामा बस्न/सुत्न र दुध वा दूग्धजन्य पदार्थ सेवन गर्न बन्देज लगाइएको छ, जसले उनीहरुको स्वास्थ्य र सिकाइ उपलब्धीलाई प्रत्यक्ष असर गरेको



छ । सुदूरपश्चिम क्षेत्रमा हुने महिनावारी सम्बन्धी प्रतिबन्धहरुले किशोरी तथा महिलाहरुको समग्र स्वास्थ्य र हितलाई आघात पुऱ्याएको छ । खानपान, बस्ने ठाउँ, सरसफाई र स्वच्छता आदिमा गरिएको अर्थहीन प्रतिबन्धहरुले किशोरी र महिलाहरुलाई उनीहरुको स्वास्थ्य, शिक्षा, सामाजिक सहभागिता र बृद्धिको अधिकार प्राप्त गर्नबाट प्रभावकारी रुपमा अवरोध पुऱ्याएको छ । ।

नेपालमा, धामी-झाँक्रीहरुले अनियमित स्वास्थ्य सेवा प्रदायकका साथै आध्यात्मिक वा विश्वासनीय निको पार्ने व्यक्ति, धर्म गुरु, पुरोहित, जडिबुटी



विज्ञ र भविष्यवक्ताको रुपमा पनि काम गर्छन् । स्थानीय संस्कृतिले धामी-झाँक्रीमा गहिरो विश्वास राख्छ । सुदूरपश्चिम क्षेत्रका स्थानीय समुदायहरुमा धामी-झाँक्रीहरुले परम्परागत स्वास्थ्य सेवा प्रदायकको रुपमा महत्वपूर्ण भूमिका खेल्दछन् । मानव मस्तिष्कको मनोवैज्ञानिक पक्षहरुको प्रयोग गरी धामी-झाँक्रीहरुले बिरामीको उपचार गर्छन् भन्ने मान्यता स्थानीय शिक्षितवर्गले राख्दछन् । कहिलेकाहिँ रोगहरु केवल मानसिक प्रकृतिका हुन्छन् र विभिन्न अभ्यास, उपचार र जडीबुटीले ती निको पनि हुन्छन् । यद्यपि अक्सर तिनीहरुले काम गर्दैनन् र विनाशकारी परिणामहरु निम्त्याउन सक्छन् ।

यसै पृष्ठभूमिमा, किशोरी र महिलाहरुको सुरक्षित महिनावारी स्वच्छता व्यवस्थापन तथा समग्र मर्यादित महिनावारी वातावरण निर्माण गर्न धामी-झाँक्रीहरुले महत्वपूर्ण भूमिका खेल्न सक्ने तथ्यलाई मध्यनजर गर्दै कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोईका) र गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग, पीसविन बाजुरा र किर्डाक नेपालको समन्वयमा संचालित स्वास्थ्य अधिकार सुधार परियोजनाद्वारा ५-७ साउन २०७९ (२१-२३ जुलाई २०२२) सम्म धनगढीमा "मर्यादित महिनावारीको लागि धामी-झाँक्री सम्मेलन" आयोजना हुन गईरहेको छ ।

महिला र पुरुष धामी-झाँक्री, किशोरी, महिला, स्थानीय सरकारी अधिकारी, सञ्चारकर्मी, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र गैर सरकारी संस्थाका प्रतिनिधि, तथा महिनावारी स्वच्छता व्यवस्थापन विज्ञहरु यस सम्मेलनमा सहभागी हुनेछन् । डोटी, अछाम, मुगु र बाजुरा जिल्लाका ७० जना विविध सहभागीहरुको यो समूह सिकाइ, संवाद, छलफल, अर्न्तक्रिया, समूह कार्य, र सत्रहरुमा भाग लिनेछन् ।